# रिब्दीकोट गाउँपालिका

**“गुणस्तरीय आर्थिक, भौतिक, सामाजिक,पुर्वाधार विकासको माध्यमवाट संम्वृद्ध रिब्दीकोट निर्माण”**

# सार्वजनिक सुनुवाई

## रिब्दीकोट गाउँपालिकाको समग्र भौतिक,सामाजिक तथा आर्थिक प्रगति २०७५।०७६ को हाल सम्म

## आर्थिक विवरण आ.व.२०७५/०७६ को आय व्यय विवरण

| सि.नं. | स्रोत प्रकार | बजेटको स्रोततह/ | स्रोत | प्राप्तिको विधि | अनुमानित आय | अनुमानित व्यय | |
|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ७२१०००००० | ७२१०००००० | |
| २ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान | नगद अनुदान | १५६१०००००० | १५६१०००००० | |
| ३ | संघीय सरकार | नेपाल सरकार | विषेश अनुदान | नगद अनुदान | ४६५०००००० | ४६५०००००० | |
| ४ | संघीय सरकार | नेपाल सरकार | अन्य अनुदान | नगद अनुदान | २०००००० | २०००००० | |
| ५ | संघीय सरकार | नेपाल सरकार | अन्य अनुदान | नगद अनुदान | ३९४००० | ३९४००० | |
| ६ | प्रदेश सरकार | प्रदेश नं५ . | समानिकरण अनुदान | नगद अनुदान | ४०६६००० | ४०६६००० | |
| ७ | प्रदेश सरकार | प्रदेश नं५ . | शसर्त अनुदान | नगद अनुदान | ९६०००००० | ९६०००००० | |
| ८ | राजस्व बाडफाड | राजस्व बाँडफाँड संघीय सरकार – | राजस्व बाडफाड | नगद अनुदान | ५४१६३००० | ५४१६३००० | |
| ९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड प्रदेश सरकार – | राजस्व बाडफाड | नगद अनुदान | ४४४८००० | ४४४८००० | |
| १० | अन्तरिक श्रोत | आन्तरिक | आन्तरिक | आ.ऐ. वमोजिम विभिन्न कर | ६२४३००० | ६२४३००० | |
| ११ | अ.ल्या | | | नगद अनुदान | २२१४०६७३ | २२१४०६७३ | |
| | | | | | **३७५९५४६७३** | **३७५९५४६७३** | |

# तोकिएको शर्तमा खर्च गर्नु पर्ने वजेट विवरण

| क्र.स. | प्राप्त श्रोत | विवरण | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | संघिय सरकार ससर्त अनुदान | (शिक्षा, आयुर्वेद , स्वास्थ्य, पशु , कृषि, महिला विकास आदीको तलव प्रसासनिक खर्च अन्य पुजिगत खर्च) | रु १५६१००००००।०० | |
| २ | सामाजिक सुरक्षा भत्ता | जेष्ठ नागरीक ,एकल महिला, अपाङ्ग, दलित वालवालिका | रु४६५०००००।०० | |
| ३ | गरिवसंग विश्वेश्वर कार्यक्रम | | रु३९४०००।०० | |
| ४ | प्रदेश सरकार ससर्त अनुदान | (सभाहल र खेलमैदान) | रु९६००००००।०० | |
| ५ | अ.ल्या. | ससर्त फिर्ता, गा.पा भवन को वाकि रकम, सौर्य वत्ति, अघिल्लो आ.व को फिर्ता गर्नुपर्ने कर, कोष दाखिला वाकि, मर्मत सम्भार कोष मा दखिला वाकि | रु१४६१७६०२।०० | |
| | **जम्मा** | | **रु२२७२११६०२।००** | |

# रिब्दीकोट गाउपालिकोआ.व. २०७५/०७६ को खर्च विवरण

## खर्च भएको रकम चालु खर्चकालागी

### गाउँपालिकाको चालु वजेट

| विवरण | रकम | खर्चभएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| आ.व.०७४।०७५मा चालु खर्चकालागी छुट्याइएको रकम | ४२८४३००० | रु १३१८०५३० | ३०.७६ |

## पुजिगततर्फ खर्चको प्रगति

| विवरण | रकम | खर्चभएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| आ.व.०७४।०७५मा पुजिगत खर्चकालागी छुट्याइएको रकम | रु१०५९०००७१।०० | रु ३३००३०६९।०० | ३१.१६ |

## सशर्त

| विवरण | रकम | खर्चभएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| नेपाल सरकारबाट तोकिएको क्षेत्र तर्फको सशर्त | रु १५६१०००००।०० | रु ५४७४४७९६ | ३५.०७ |

## आन्तरीक आम्दानी हाल सम्म

| विवरण | रकम | हाल सम्म प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|
| अनुमान गरीएको | रु६२४३०००।०० | रु १६८२३८३।४० | २६.९४ |

## गाउँपालिका र वडागत पुजिगत खर्च विवरण

| क्र.स. | वडा कार्यालय | विनियोजित वजेट | खर्च भएको वजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ ख्याहा | ५७२५००० | ६०२३६३ | १०.५२ | |
| २ | २ देउरालि | ५७००००० | ६००००० | १०.५३ | |
| ३ | ३ खस्यौलि | ५५२५००० | २०४०००० | २६.९२ | |
| ४ | ४ भैरवस्थान | ५८००००० | ९ वटा सडक योजना, २ वटा खानेपानि योजना ,लक्षीत कार्याक्रम सम्पन्न हुने चरणमा रहेको १३ लाख ८० हजार वरावरको फाइल भुक्तानिका लागी पेश भएको | | |
| ५ | ५ कुसुमखोला | ५५५०००० | १८३०३३३ | ३२.९७ | |
| ६ | ६ ठिमुरे | ६१५०००० | ३२५८१७३ | ५२.९८ | |
| ७ | ७ पालुङ्गमैनादी | ६०५०००० | ७५९००० | १२.५५ | |
| ८ | ८ फेके | ६२५०००० | १४८०५७७ | २३.६९ | |
| ९ | गाउपालिका | ५९१५००७१ | २२४३२६२३ | ३७.९२ | |
| | **जम्मा** | **१०५९०००७१** | **३३००३०६९** | **३१.१६** | |

**जम्मा प्रगति प्रतिशत रु३३।१०**

रिब्दीकोट गाउँपालिका वडा कार्यालयको आर्थिक वर्ष २०७५/२०७६ को हाल सम्मको भौतिक प्रगति

## भौतिक पुर्वाधारतर्फ

| क्रं सं | कामको विवरण | उपलब्धी | | कैफियत |
|---|---|---|---|---|
| | | मि./कि.मी. | बास्तविक खर्च | |
| | | **मोटर बाटो** | | |
| १ | नयाँ ट्याक | 14.45 | **4386172.00** | kilometer |
| २ | स्तरोन्नती | 2.00 | **1500145.00** | kilometer |
| ३ | मर्मत | 158.1 | **2636023.00** | kilometer |
| | | **टेवा पर्खाल** | | |
| क | सुख्खा गारो | 9 | **39980** | meter |
| ख | ग्याबियन | 35 | **273674** | Number |
| ग | सुख्खा कलभर्ट | 4 | **82649** | Number |

## सामाजिक विकास तर्फ

| क्रं सं | कामको विवरण | उपलब्धी | | कैफियत |
|---|---|---|---|---|
| | | मि./वटा | बास्तविक खर्च | |
| | | **खानेपानी** | | |
| १ | पाइप खरीद | 6310 | **29634** | meter |
| ख | टंङ्की निमार्ण | 6 | **465770** | Number |
| | | **विद्यालय** | | |
| क | मर्मत भवन | 2 | **230000** | Number |
| ख | भुइ ढलान | 1 | **395200** | Number |
| ग | घेराबार | 245 | **399223** | meter |
| | | **सामुदायिक भवन** | | |
| क | मर्मत | 8 | **868517** | Number |
| ख | नयाँ | 1 | **551248.00** | Number |
| | | **अन्य** | | |
| क | पोखरी | 8 | **576838.00** | Number |
| ग | मन्दिर | 3 | **338577.00** | Number |
| घ | खेलमैदान | 7 | **306799.00** | Number |
| ङ | प्रतिक्षालय | 2 | **336000.00** | Number |

# आ.व. २०७५/७६ को हालसम्म भएका कार्यहरु

- दुध उत्पादनलाई बढोत्तरी र कृषकलाई व्यबसायिक बनाउने प्रयोजनका लागी अनुदान व्यबस्थाका लागी **दुधको उत्पादनमा आधारित अनुदान कार्यविधि २०७५** पारित गरी सुचना जारी गरिएको ।
- टमाटर खेतीमा रहेको व्यबसायिक जोखिमता र अस्थिरतालाई सम्बोधन गर्न **टमाटरको उत्पादनमा आधारित अनुदान कार्यविधि पारित २०७५** गरी कार्यान्वयनमा लगिएको ।
- एकल महिलाका लागी सशक्तीकरण,उद्यमसिलता र आत्मनिर्भर बनाउन समुहीकृत गर्ने, तालिम सञ्चालन, उनिहरु बाट उत्पादित बस्तुलाई बजार संग जोडन समन्वय गर्ने तथा **एकल तथा एकल आश्रित परिवारको उद्यमसिलताका लागी कोष २०७५** स्थापना गर्ने गरी कार्यविधि पारित गरिएको ।
- विपदको अवस्थालाई सम्बोधन गर्न वडा कार्यालयहरुमा विपद प्रतिकार्य केन्द्र स्थापनाका लागी आवश्यक सामग्री हस्तान्तरण गर्ने तथा विपद प्रतिकार्यमा संम्लग्न जनपद, सशस्त्र तथा नेपाली सेना पाल्पालाई पनि ४०/४० हजार सम्मका विपद प्रतिकार्य सामग्री हस्तान्तरण गरिएको ।
- पिछडिएको क्षेत्र ताल्तुङ्ग पेलाचौर क्षेत्रमा दक्ष जनशक्ति तथा आवश्यक उपकरण सहितको **सामुदायिक स्वास्थ्य ईकाई** सञ्चालनमा ल्याईएको ।
- गाउँपालिकाका सवै सूचना सेवा प्रवाहका लागी आवश्यक विधि/प्रकृयाको बारेमा जानकारी दिन **Mobile App** सञ्चालनमा ल्याईएको ।
- सेतोघर कार्यक्रम अन्तर्गत अधिक सख्यामा खरको छाना रहेका वडा नं. १,४,६,७ र ८ मा गाउँपालिका तथा वडाको बजेट समेत बाट २७३ बण्डल जस्ता पाता खरिदको सम्झौता भै प्राप्तीको चरणमा रहेको ।
- धुर्मुस सुन्तली फाउण्डेशन तथा भरतपुर महानगरपालिका बाट भरतपुरमा निर्माण हुन लागेको गौतम बुद्ध रंगशाला निर्माणको लागी सवै जनप्रतिनिधिको एक दिनको तलव, सवै कर्मचारीहरुको स्वैच्छिक रुपमा एक दिनको तलव, शिक्षकहरुको एक दिनको तलवका लागी योगदान गर्न आव्हान गर्ने अन्य संघ सस्थामा कार्यरत कर्मचारी तथा रिब्दीकोट बासीहरुमा आव्हान गरी सहयोग गर्ने व्यबस्था मिलाईएको ।
- कन्टीपोखरा - देउराली-बरपोखरा- भाग्रेगैरा सम्मको ( देउराली - ख्याहा सडक खण्ड) सडकको DPR तयार गरी स्तरोन्नती गर्न प्रदेश समपुरक कोष र गाउँपालिकाको समपुरक कोष बाट योजना सञ्चालनका लागी आवश्यक तयारी पुरा गरी सुचना प्रकाशनको चरणमा रहेको ।
- सबै वडाका गतिविधि तथा गाउँपालिकाको काम कारवाहीको जानकारी दिने गरि अर्धबार्षिक रुपमा रिब्दीकोट दर्पण प्रकाशन गर्ने व्यबस्था मिलाइएको ।
- २ वटा खानेपानी योजनाहरु सञ्चालन गर्न केन्द्र सरकारको समपुरक कोष तथा विशेष कोषमा माग गरि पठाईएको ।
- भैरवस्थान मन्दीर परिसरमा गाउँपालिकाको सहयोग तथा मन्दीर व्यबस्थापन समितिको व्यबस्थपनमा कोसेली घर सञ्चालनमा ल्याईएको ।
- जलेश्वर क्षेत्रमा जडिबुटी उद्यानलाई पूर्वाधार सहित व्यबस्थीत गर्न निर्देशक समिति, निर्माण समिति गठन गरी पूर्वाधार निर्माण , सौन्दर्यीकरण गर्ने कार्य सुरु गरिएको ।
- ५० %अनुदानमा २५ थान कुटानीपिसानी मिल, ८ थान खाडल खन्ने मेशिन वितरण गरीएको ।
- पारिवारिक, सामाजिक कारणले अप्ठेरोमा परेकी जोगीथुमकी जेहेन्दार छात्रा **पबित्रा कुमाल** को सहज जिवन यापन तथा पढाईलाई सहयोग गर्न गाउँपालिका ,जनप्रतिनिधिहरुको पारिश्रमकि कर्मचारीको सहयोगमा **पवित्रा कुमाल सहायता कोष स्थापना** गरीएको र उक्त कोषमा योगदान गर्न ईच्छुक सवैमा आव्हान गरीएको ।
- अघिल्लो आ.व.मा बचत हुन आएको बजेट बाट प्रति वडा १० लाखको ठोस र एक वा बढीमा दुईवटा योजना सञ्चालनका लागी निर्णय भै कार्यान्वयनमा रहेको ।
- कालिका आधारभुतमा अध्ययनरत वावबालिकाको दिवा खाजाको निरन्तरता रहेको ।
- शिक्षामा सुधारको लागी कार्यदल गठन भै बृहद सहभागितामा प्रतिवेदन तयार भएको ।
- बिद्यालय तथा स्वास्थ्य सस्थाहरुलाई प्रविधि मैत्री बनाउन कम्प्युटर र नेट जडानका लागी प्रयत्न गरिएको ।
- बिद्यालयलाई आत्मनिर्भर बनाउन सम्भव भएका बिद्यालयहरुमा सटर निर्माण गरी सवल बनाउन सुरु गरीएको ।
- २५ थान हाते ट्रयाक्टर खरिद गरी ५० % अनुदानमा दिने व्यबस्था, कृषि सामग्रीहरु ५० % अनुदानमा दिने तथा कुरीलो खेती प्रबर्द्धन गर्न ठोस प्रयत्न गरीएको ।
- गाउँपालिका परिसरमा सभाहल सहितको बहुउद्धेश्यिय भवन तथा कुसुमखोलामा गाउँपालिका स्तरको खेल मैदान निर्माणका लागी आवश्यक सुचना प्रकाशित गर्ने गरी तयारी भैरहेको ।
- भैरवस्थान मन्दीर परिसरमा सुविधा सम्पन्न धर्मशाला निर्माणका लागी भारतिय दुतावास मार्फत आव्हान भएको योजनाका लागी गाउँपालिका तथा मन्दीरको साझेदारीमा ३ करोड सम्मको निर्माणका लागी अनुरोध गरी पठाउन निर्णय भएको ।
- राजश्व प्रणालीलाई व्यबस्थित बनाउन स्वैच्छिक रुपमा मूल्याङ्कन गरी सम्पत्ति कर तिर्ने प्रणाली Online बनाईएको, सवै वडा कार्यालयसम्म नेट जडान गरी राजश्वलाई Online प्रणालीमा लैजाने प्रयत्न गरीएको ।

- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा USG मेशिन खरिद गर्ने निर्णय भएको ।
- चौथो निति केन्द्रित गाउँसभा सम्पन्न भैसकेको ।
- ९ थान सोलार वत्ति,१०८ थान बिद्युत पोल, ५ लाख बरावरको खानेपानी पाईप खरिद गरी बितरण भैसकेको ।
- बतासेमा सभाहल,कोहल खेल मैदान तथा लघुवामा व्याडमिन्टन हल निर्माण DPR तयार भैरहेको ।
- गाउँपालिका तथा वडा कार्यालयहरु व्यबस्थित गर्ने कार्य गरीएको ।
- पुन निर्माण कार्यमा सहजिकरण, समन्वय गरीरहेको ।
- प्रवेश विन्दुमा आकर्षक स्वागत सहितको वोर्ड राख्ने कार्य गरीएको ।
- वस्तुनिष्ठ नागरिक वडापत्र तयार गरीएको , Informative आफ्नै कापी छपाई गरीएको ।
- तालिम, गोष्ठी अन्तरक्रियालाई मित्तव्ययी बनाउन कार्यविधि निर्माण गरी लागु गरीएको ।
- रिब्दीकोट ५ कुसुमखोला र २ देउरालिबाट मिटर जडित **एक घर एक धारा अभियान** सुरु भएको ।
- शिक्षाको गुणस्तर सुधारका लागी सवै बिद्यालयका प्र.अ.,शिक्षा समिति कार्यदल सहित उत्कृष्ट बिद्यालयहरुको चार दिने भ्रमण सम्पन्न भएको । अनुगम पश्चात २२ वुदे सुचकहरु निर्माण गरी सोको आधारमा सम्पुर्ण विद्यालयहरुमा एकरुपता कायम गर्ने प्रयत्न गरीएको ।
- आधारभुत र माध्यमिक तहका गणित विज्ञान अध्यापन गराउने शिक्षकहरुलाई शैक्षिक सामग्री निर्माण र सो प्रयोग गर्ने तरिका सम्वन्धि ३ दिनको तालिम सम्पन्न भएको ।
- बिद्यालयहरुमा निरन्तर अनुगमन गरी सुधार गर्ने ICT कक्षा स्थापना, पुस्तकालय स्थापना, Wash सहितको शौचलय निर्माणका लागी आवश्यकता औचित्यता र माग समेतका आधारमा व्यबस्थित गर्ने निर्णय भएको ।
- खस्यौली बाट आयुर्वेदिक सेवा प्रदान गर्ने व्यबस्था मिलाईएको ।
- जेष्ठ मसान्त भित्र सवै खालका (बहुवर्षिय टेण्डर बाट गर्नु पर्ने बाहेक) योजना सम्पन्न गर्न प्रतिबद्धता व्यक्त गरिएको ।
- न्यायिक कार्यमा सम्लग्न न्यायिक समिति, वडा अध्यक्ष , वडा सदस्यहरुलाई तिन दिने तालिम सम्पन्न गरिएको ।
- शान्तीचौर बजारको शौन्दर्यीकरण ,ढल, पिच व्यबस्थापनको कार्य गर्न गाउँपालिका वडा तथा बजारवासीको सक्रियतामा सुरु गरिएको ।
- नेटा, रितुङ्ग मोटर बाटो स्तरोन्नती गरिएको ।
- आर्यफान तथा जोगीथुम हुदै सातमुरे जोडन सडकको काम भैरहेको ।
- राडर सम्म पुग्ने सडकलाई ट्र्याक परिवर्तन तथा स्तरोन्नती गर्ने कार्य अन्तिम चरणमा रहेको ।
- चकल्दी हुदै डुम्रे जोडने सडकको कार्य हुदै गरेको ।
- निजि क्षेत्र संगको सहकार्यमा वडा तथा मा.वि. हरुमा स्तरिय फाईवर युक्त नेट जडान गर्ने कार्य अन्तर्गत देउराली ,ख्याहामा सम्पन्न भएको ।
- आवधिक योजना निर्माणका लागी बजेट विनियोजन र आवश्यक तयारी भैरहेको ।
- राष्ट्रिय पशुप्रजनन केन्द्रको सहयोगमा कृतिम गर्भाधानका सामग्री गाउँपालिका (१ लाख ५० हजार जती मुल्यका) लाई प्राप्त भएको ।
- निशुल्क औषधि वितरणका लागी औषधि खरिद भै स्वास्थ्य सस्थामा वितरण गरिएको साथै नेपाल सरकार बाट प्राप्त हुने औषधिहरु पनि स्वास्थ्य सस्थामा वितरण गर्ने व्यवस्था मिलाईएको ।
- स्वास्थ्य सेवा अन्तर्गत सुत्केरी प्रोत्साहन ९८ जना र असाध्य रोग ८ जनाले सुविधा लिएको ।
- जोगीथुमका बालक **शिव कुमालको उपचारको सहजिकरण** र आर्थिक व्यबस्थापन गरिएको ।
- **"घ" वर्गको निर्माण व्यबसायी ईजाजत पत्रको कार्यविधि** निर्माण गरी तोकिएको मापडण्ड पुरा गरेमा ईजाजत जारी गर्ने साविक जि.वि.स. बाट जारी भएका एईजाजत पत्रको जविकरण सम्बन्धि कार्य गरिएको ।
- निजामती सेवा दिवसको अवसर पारेर बृद्ध, रक्तदान, राजपत्र दोश्रो खण्डको सार्वजनिकरण तथा गाउँपालिका भित्रका २०७४ सालमा माध्यामिक शिक्षा A ग्रेड प्राप्त गर्ने बिद्यार्थीलाई सम्मान गरिएको ।
- गाउँपालिकाका सवैजसो मुख्य सडकहरु चाडपर्व अघि पहिरो हटाउने, खाल्डाखुल्डी पुर्ने लगायतका मरमत कार्य गरिएको ।
- स्थनिय तहका कर्मचारीलाई स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले निर्देशित गरे वमोजिम **योगदानमा आधारित निबृत्तिभरण प्रणाली सम्बन्धि कार्यविधि २०७५** पारित गरि शुरु गरिएको ।
- **अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५** पारित गरी सोही अनुरुप स्थानिय समन्वय समिति गठन तथा बैठक बसी अपाङ्ग परिचय पत्र वितरणका लागी आवश्यक तयारी गरेको साथै अपाङ्ग हितका सम्बन्धमा कार्यक्रम खाका तयार गर्न शुरु भएको ।
- गाउँपालिका भित्रका सवै खालका सडकहरुको गुरुयोजना तयार गर्ने निर्णय भएको ।
- आरन सुधारमा ५०% अनुदान कायमै गरिएको ।
- प्रतिवडा २ जोडी दलित ज्येष्ठ नागरिकलाइ तिर्थाटन, जेष्ठनागरिकलाइ संगठित र मनोरञ्जन गराउन गैसस संग संझौता गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको ।

- आ.व. २०७५।०७६ को पौष सम्म न्यायिक समितिमा १० वटा विवादका उजुरीहरु दर्ता भएकामा ७ वटा उजुरीहरु किनार लागेका, ३ वटाको न्यायिक निरुपणको प्रक्रियामा रहेका ।
- कृषि कार्यलाइ प्रोत्साहन गर्न सिट किट ७२० वटा, च्याउको विउ १२०० प्याकेट वितरण भैसकेको तथा प्लाष्टिक टनेल ११५ पिस, प्लाष्टिक मल्चिङ्ग १० थान गाउँपालिकामा प्राप्त भै वितरण प्रक्रियामा रहेको ।
- पशु विकास तर्फ प्राथमिक उपचार ५७२ वटा, कृत्रिम गर्भाधान सेवा ( गाई १२७, भैसि २०४) गोवर परिक्षण १५० वटा, पशु वंध्याकरण ३०० वटा कृषि/पशुपन्छी फर्म दर्ता ३२ वटा, साथै पशु विमा क्षतिपूर्तिको सिफारिस ७ वटा भएको ।

## पुर्ननिर्माण तर्फ

- पुनर्निर्माण लाभग्राही सुचिमा परेका लाभग्राहीको संख्या = ६८८
- पुनर्निर्माण लाभग्राहीमा परेका लाभग्राही लगभग ९५ प्रतिशतले सम्झौता गरेर पहिलो किस्ता वापतको रु. ५०००० प्राप्त गरिसकेको ।
- प्रबलिकरणमा परेका लाभग्राहीको संख्या = १३५
- जम्मा गुनासो संख्या = ५२६
- दोस्रो किस्ताको लागि सिफारिस गरिएको संख्या = २११
- दोस्रो किस्ताको प्राप्त गर्ने लाभग्राहीको संख्या = १७१ (रु. १,५०,००० दरले )
- तेस्रो किस्ताको लागि सिफारिस गरिएको संख्या = १४०
- तेस्रो किस्ताको प्राप्त गर्ने लाभग्राहीको संख्या = १३२ (रु. १,००,००० दरले )
- प्राबिधिक आउनु भन्दा अगाडि बनिसकेका घरहरुको संख्या = ७१
- सुधार सुरु गरेका घरहरुको संख्या = १८

## वडा वाइज प्रगति विवरण पुर्ननिर्माण तर्फ

- वडा नं. १ ख्याहा ४२.१६ प्रतिशत
- वडा नं. २ देउराली १७.१८ प्रतिशत
- वडा नं. ३ खस्यौली २९.८९ प्रतिशत
- वडा नं. ४ भैरवस्थान १२.०३ प्रतिशत
- वडा नं. ५ कुसुमखोला ३३.३३ प्रतिशत
- वडा नं. ६ ठिमुरे ४६.१५ प्रतिशत
- वडा नं. ७ पालुङमैनादि ५३.१९ प्रतिशत
- वडा नं. ८ फेक २१.७४ प्रतिशत

**समग्र गाउँपालिकाको पुर्ननिर्माण तर्फ प्रगति प्रतिशत = ३१.९६**

**धन्यवाद**